# खैरहनी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ७ : संख्याः ५ माघ २५ गते, २०८०

## भाग-३

# खैरहनी नगरपालिका

**शैक्षिक उपलब्धीमा आधारित शिक्षक प्रोत्साहन कार्यक्रम (10 to 4 Incentive Program)**
**कार्यान्वयन कार्यविधि, २०८०**

**प्रस्तावनाः**

खैरहनी नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई शैक्षिक उपलब्धीको आधारमा प्रोत्साहन गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउन वाञ्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगरकार्यपालिकाले शैक्षिक उपलब्धीमा आधारित शिक्षक प्रोत्साहन कार्यक्रम (10 to 4 Incentive Program) कार्यान्वयन गर्न यो कार्यविधि निर्माण गरी कार्यान्वयन गरेको छ।

## परिच्छेदः १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यस कार्यविधिको नाम "खैरहनी नगरपालिका शैक्षिक उपलब्धीमा आधारित शिक्षक प्रोत्साहन कार्यक्रम (10-4 Incentive Program) कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) "अध्यक्ष" भन्नाले सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष सम्झनुपर्दछ।

(ख) "उप प्रमुख" भन्नाले खैरहनी नगरपालिकाको नगर उप प्रमुखलाई सम्झनुपर्दछ।

(ग) "तह" भन्नाले प्राथमिक तह, आधारभुत तह र माध्यमिक तह भन्ने सम्झनुपर्दछ।

(घ) "नगर शिक्षा अधिकारी" भन्नाले खैरहनी नगरपालिकाको नगर शिक्षा अधिकारी सम्झनुपर्दछ।

(ङ) "निम्न माध्यामिक तह" भन्नाले नेपाल सरकारबाट स्विकृत कक्षा ६-८ सम्म सम्झनुपर्दछ।

(च) "प्रमुख" भन्नाले खैरहनी नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्दछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खैरहनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(ज) "प्राथमिक तह" भन्नाले नेपाल सरकारबाट स्विकृत कक्षा १-५ सम्म सम्झनुपर्दछ।

(झ) "माध्यामिक तह" भन्नाले नेपाल सरकारबाट स्विकृत कक्षा ९-१२ सम्म सम्झनुपर्दछ।

(ञ) "विषय" भन्नाले सामुदायिक विद्यालयमा कक्षा ६-१२ सम्म अध्ययन अध्यापन हुने र कार्यरत शिक्षकको दरबन्दी कायम रहेको विषय सम्झनुपर्दछ।

(ट) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा स्थायी तथा अस्थायी र राहत दरबन्दीमा कार्यरत शिक्षक सम्झनुपर्दछ।

(ठ) "शिक्षा अधिकृत" भन्नाले खैरहनी नगरपालिका कार्यालयको शिक्षा अधिकृत सम्झनुपर्दछ।

(ड) "शिक्षा शाखा" भन्नाले खैरहनी नगरपालिका कार्यालयको शिक्षा शाखा सम्झनुपर्दछ।

(ढ) "शैक्षिक उपलब्धी" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले हरेक वर्ष सञ्चालन हुने प्रथम चौमासिक, अर्धवार्षिक र बार्षिक परीक्षामा प्राप्त शैक्षिक नतिजा भन्ने सम्झनुपर्दछ।

(ण) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्विकृति प्राप्त विद्यालय सम्झनुपर्दछ।

## परिच्छेदः २
## प्रोत्साहन रकम प्रदान गर्ने मापदण्डः

**३. शिक्षकहरुको समुह विभाजनः-**

खैरहनी नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयमा अध्यापन गर्ने शिक्षकहरुलाई प्रोत्साहन रकम प्रदान गर्ने प्रयोजनको लागि देहाय अनुसारको दुई समुहमा विभाजन गरिने छ।

(क) अध्यापन गराउने कुल विद्यार्थीहरुको वार्षिक औषत प्राप्ताङ्क २.४ GPA वा सो भन्दा बढी भएका शिक्षकलाई "क" समुहमा राखी प्रोत्साहन रकम उपलब्ध गराइने छ।

(ख) अध्यापन गराउने कुल विद्यार्थीहरुको वार्षिक औषत प्राप्ताङ्क २.० GPA भन्दा बढी २.४ GPA सम्म भएका शिक्षकलाई "ख" समुहमा राखी प्रोत्साहन रकम उपलब्ध गराइने छ।

**४. विद्यार्थी संख्याको निर्धारणः-**

दफा ३ को प्रयोजनको लागि शिक्षकहरुको कार्यसम्पादन र शैक्षिक उपलब्धिको मापनको लागि विद्यार्थी संख्याको गणना गर्दा देहाय बमोजिम गणना गरिनेछ।

(क) प्राथमिक तहको शिक्षकको हकमा निजले अध्यापन गराउने विद्यार्थीहरुको कुल संख्या।

(ख) नि.मा.वि र मा.वि शिक्षकको हकमा निजले अध्यापन गराउने बिषय र कक्षामा अध्ययनरत कुल विद्यार्थी संख्या। विषय शिक्षकले आफ्नो मुल विषय भन्दा अन्य विषयको अध्यापन गरेमा सो विषयको अंक गणना गरिने छैन्।

**५. सफ्टवेयरको निर्माण गर्नेः-**

(क) शिक्षकको कार्यसम्पादनको मूल्याङ्कन गरी शैक्षिक उपलब्धीको मापन गर्न नगरपालिकाले एक सफ्टवेयर निर्माण गर्नेछ।

(ख) सफ्टवेयरमा आवश्यक विद्यार्थीसंग सम्बन्धित विवरण विषय शिक्षकले प्रविष्ट गर्नु पर्नेछ।

(ग) सफ्टवेयरमा विवरण प्रविष्ट नगर्ने शिक्षकलाई प्रोत्साहन रकम उपलब्ध गराइने छैन्।

(घ) सफ्टवेयरमा प्रविष्ट गरिएका विवरणहरु प्रधानाध्यापकले हरेक शैक्षिक सत्रको चैत्र मसान्तभित्रमा रुजु गरी शिक्षा शाखामा पठाउनु पर्नेछ।

(ङ) प्राप्त विवरणहरुलाई संकलन गरी शिक्षा शाखाले आवश्यक निर्णयको लागि दफा ७ बमोजिमको अनुगमन तथा निर्देशन समितिमा पेस गर्नेछ।

**६. वर्षको एक पटक प्रोत्साहन रकम उपलब्ध गराउनेः-**

शैक्षिक सत्रको समापन पछि दफा ५ बमोजिको सफ्टवेयरबाट प्राप्त नतिजाको आधारमा दफा ३ मा उल्लेख भए बमोजिमका समुह "क" र समुह "ख" पर्ने शिक्षकहरुलाई नगरपालिकाले विनियोजन गरेको वजेट र दफा ७ बमोजिमको अनुगमन तथा निर्देशन समितिले निर्धारण गरे बराबरको रकम प्रोत्साहन बापत उपलब्ध गराइने छ।

**७. अनुगमन तथा निर्देशन समितिको व्यवस्थाः-**

(१) खैरहनी नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको शैक्षिक उपलब्धीमा आधारित शिक्षक प्रोत्साहन कार्यक्रम (10 to 4 Incentive Program) कार्यान्वयन कार्यविधि, २०८० को प्रभावकारी र निष्पक्ष कार्यान्वयनको लागि तपसिल बमोजिमको एक अनुगमन तथा निर्देशन समिति रहनेछ।

क) संयोजकः नगर प्रमुख

ख) सदस्यः नगर उप प्रमुख

ग) सदस्यः सामाजिक विकास समितिको संयोजक

घ) सदस्यः प्रमुख प्रशासकीय अधिकृत

ङ) सदस्य सचिवः नगर शिक्षा अधिकारी

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) आवश्यकता अनुसार विद्यालयको अनुगमन तथा निरीक्षण गर्ने,

(ख) कार्यरत शिक्षकको शिक्षण सम्पादनका बारेमा सम्बन्धित शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग आवश्यक सोधपुछ गर्ने र जानकारी लिने,

(ग) विद्यालय तथा सम्बन्धित विषय शिक्षकसँग शैक्षिक गुणस्तर र उपलब्धीका सम्बन्धमा थप सल्लाह सुझाव र परामर्श गर्ने,

(घ) विद्यार्थीको नतिजाका सम्बन्धमा कुनै समस्या वा द्विबीधा भएमा विद्यार्थीसँग सोधपुछ गर्ने र आवश्यक परे उत्तरपुस्तिका हेर्ने,

(ङ) यस कार्यविधिको सफल र प्रभावकारी कार्यान्वयनका लागि शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक एवम् शिक्षकलाई आवश्यक निर्देशन दिने,

(च) प्रोत्साहन रकम प्राप्त गर्ने शिक्षकको सूचि र प्रोत्साहन रकम स्वीकृत गर्ने ।

८. **शिक्षा शाखाले व्यवस्थापन गर्नेः-**

शैक्षिक उपलब्धिमा आधारित शिक्षक प्रोत्साहन कार्यक्रमको प्रशासकीय कार्य शिक्षा शाखा मार्फत हुनेछ । शिक्षा शाखाले जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयको नतिजाको आधारमा प्रोत्साहन भत्ता प्राप्त गर्न योग्य शिक्षकहरुको सूची तयार गर्ने,

(ख) सूची तयार गर्ने क्रममा कुनै द्विविधा वा आशंका भएमा सम्बन्धित विद्यालयको प्रधानाध्यापक वा शिक्षकसँग सोधपुछ गर्ने,

(ग) विद्यार्थीको प्राप्ताङ्कमा कुनै अस्पष्टता वा आशंका भएमा उत्तरपुस्तिका हेरी रुजु गर्ने तथा गर्न लगाउने,

(घ) रुजु गर्दा विद्यार्थीको नतिजामा कुनै हेरफेर देखिए सोही बमोजिम शिक्षक प्रोत्साहनको लागि सिफारिस गर्ने,

(ङ) तयार भएको सूची अनुगमन तथा निर्देशन समितिमा सिफारिस गर्ने,

(च) अनुगमन तथा निर्देशन समितिको निर्णय कार्यान्वयन गर्ने ।

९. **सार्वजनिक रुपमा प्रकाशन गर्नेः**

प्रोत्साहनका लागि छनौटमा परेका शिक्षकहरुको नामावली अनुसूची १, अनुसूची २ र अनुसूची ३ बमोजिमको ढाँचामा सार्वजनिक रुपमा प्रकाशित गरिने छ ।

## परिच्छेदः ३
## विविध

१०. **बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयनका सन्दर्भमा कुनै बाधा अड्काउ आइपरेमा अनुगमन तथा निर्देशन समितिले आवश्यक निर्णय गर्न सक्नेछ ।

११. **संशोधनः** यस कार्यविधिमा कुनै संसोधन गर्न परे कार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

आज्ञाले

विष्णु प्र. सापकोटा

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १

### प्राथमिक तहः शिक्षक प्रोत्साहन प्राप्त गर्ने शिक्षकको सूची

| क्र.सं. | शिक्षकको नाम | विद्यालयको नाम | कक्षागत कुल विद्यार्थी संख्या | | | | | जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क ग्रेड |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कक्षा... | कक्षा.... | कक्षा.... | कक्षा.... | कक्षा.... | | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |

## अनुसूची २

### निम्न माध्यमिक तहः प्रोत्साहन प्राप्त गर्ने शिक्षकको सुची

| क्र.सं | शिक्षकको नाम | विद्यालयको नाम | कार्यरत दरबन्दी/ विषय | कक्षागत कुल विद्यार्थी संख्या (अध्यापन गर्ने र दरबन्दी कायम सम्बन्धित विषयमा मात्र) | | | | | जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क ग्रेड |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कक्षा... | कक्षा... | कक्षा... | कक्षा... | कक्षा... | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |

## अनुसूची ३

### माध्यमिक तहः प्रोत्साहन प्राप्त गर्ने शिक्षकको सुची

| क्र.सं. | शिक्षकको नाम | विद्यालयको नाम | कार्यरत दरबन्दी/ विषय | कक्षागत कुल विद्यार्थी संख्या (अध्यापन गर्ने र दरबन्दी कायम सम्बन्धित विषयमा मात्र) | | | | | जम्मा विद्यार्थी संख्या | औसत प्राप्ताङ्क ग्रेड |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कक्षा... | कक्षा... | कक्षा... | कक्षा... | कक्षा ... | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |